# रामपुर नगरपालिकाको उन्नाइसौं नगरसभामा
# प्रस्तुत

# आर्थिक वर्ष २०८३/८४ को आर्थिक विधेयक

रामपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, रामपुर, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल।

नगरसभामा पेश भएको मिति: २०८३ असार १० गते
नगरसभामा पारित भएको मिति: २०८३ असार १० गते

# रामपुर नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

<u>**प्रस्तावना:**</u> रामपुर नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रामपुर नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस ऐनको नाम **"रामपुर नगरपालिकाको आर्थिक ऐन, २०८३"** रहेको छ ।

ख) यो ऐन २०८३ साल श्रावण १ गते देखि रामपुर नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पति करः** नगर क्षेत्र भित्रका पक्की घरजग्गा तथा संरचनामा **अनुसूचि-१** बमोजिम सम्पत्ति कर लगाइने र असुल गरिनेछ। तर सरकारी स्वामीत्वका जग्गा र गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन। यसरी सम्पत्ति कर लगाउदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता अचल सम्पत्तिको प्रचलित बजार मूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ।

३. **भूमि कर (मालपोत) :** नगरपालिका क्षेत्रभित्र **अनुसूचि-२** बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ। तर दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमिकर(मालपोत) लगाईने छैन।

४. **घर वहाल करः** रामपुर नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा बार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ। यसरी लगाईने बहाल करको दर **अनुसूचि-३** मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **व्यवसाय करः** (१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

(२) उप-दफा(१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न चाहने व्यक्ति तथा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ।इजाजत प्राप्त व्यवसायीहरुले बार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न लाग्ने लगानीको आधारमा **अनुसूची-४** मा तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिमको इजाजत बिना नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न पाईने छैन।

(५) उपदफा (४) बमोजिम लिइने व्यवसाय करको दर **अनुसूची-५** बमोजिम हुनेछ।

(६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाको स्वीकृत गरी लागु गर्न सक्नेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** (१) रामपुर नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल, सिसा र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत **अनुसूचि ६** बमोजिमक जडिबुटी, कवाडी तथा जीवजन्तुकर लागाइने र असुल उपर गरिनेछ।

*स्पष्टीकरण:* यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा वीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र नगरपालिकाले कर लगाउँदा कारोवार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ।

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोबार गर्ने ब्यक्ति वा संस्थालाई नगरपालिकाले व्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ।

७. **सवारी साधन कर:** रामपुर नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा **अनुसूचि–७** बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन कर:** (१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा **अनुसूची (८)** बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ।

९. **मनोरन्जन कर:** (१) नगरपालिका क्षेत्रभित्र संचालित सिनेमाहल, साँस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल, जादु, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ। टिकट बिक्री गरी सञ्चालन गरिएका व्यवसायहरुबाट समेत मनोरन्जन कर लिइनेछ ।

तर प्रदेश कानून बनिनसकेको अवस्थामा यस दफा बमोजिम नगरपालिकाले **अनुसूची (९)** बमोजिमको दरमा मनोरञ्जन कर लगाइने र उठाइनेछ।

(२) उप दफा (१) बमोजिम नगरपालिकाले उठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ।

१०. **बहाल बिटौरी शुल्कः** (१) नगरपालिकाले आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा **अनुसूची (१०)** बमोजिमको दरमा बहाल बिटौरी शुल्क लगाउन र उठाउन सक्नेछः

(क) आफूले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१)को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि नगरपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवम् कारोवारको आधारमा तोकेको न्यूनतम बहाल बिटौरी शुल्कको दरमा बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहाल बिटौरी दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल विटौरीमा दिदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ।

११. **पार्किङ शुल्क पूर्वाधार उपयोग शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएवापत पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ। त्यसैगरी नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार उपयोग गरेवापतको शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः**

(१)रामपुर नगरपालिकाले निर्माण, संचालन, व्यवस्थापन वा नियमन र सेवा प्रवाह गरेका अनुसूची (११) मा उल्लेखित स्थानिय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राही बाट सो अनुसूचिमा व्यवस्था भए अनुसारको शुल्क लगाइने र असुल उपर गरिने छ।

(२)उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि अनुसूचि (१२) मा उल्लेखित विषयमा सिफारिस गर्दा कुनै पनि किसिमको शुल्क लगाईने छैन।

१३. **बिक्री तथा निकासी शुल्कः** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टी, बालूवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको बिक्री गर्न सक्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्र भित्र उत्पादन भै आफ्नो सिमा क्षेत्र भन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने बिक्री तथा लगाउने निकासी शुल्कको दर **अनुसूची (१३)** मा तोकिए बमोजिम हुनेछ।

(४) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलाम बिक्री गर्न सक्नेछ।

(५) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा बिक्री गर्न सक्नेछ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु बिक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि बिक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी बोलपत्र, दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट गरिने छ।

१४. **घरजग्गा रजिष्ट्रेशन शुल्कः** (१)घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ।

(२) उपदफा (१) बमोजिम उठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँड गरिनेछ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ।

१५. **दण्ड जरिवानाः**(१) नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ।

१६. **कर छुटः** (१) बार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक बर्षको पुस मसान्त भित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको दश प्रतिशत छुट दिइनेछ । साथै जरिबानामा समेत ५० प्रतिशत छुटको व्यवस्था गरिने छ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिइने छैन ।

*स्पष्टीकरणः* लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, वालगृह, अनाथाश्रम, बृद्धाआश्रम जस्ता सामाजिक संघ संस्था सम्झनु पर्दछ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ।

(४) कानूनमा ब्यवस्था भएको अवस्थामा बाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन।

तर स्थानीय आर्थिक क्रियाकलापमा उल्लेखनीय योगदान पुऱ्याउने किसिमका उद्योग व्यवसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन।

१७. **पर्यटन शुल्कः** रामपुर नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट **अनुसूची १४** मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१८. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके बमोजिम हुनेछ ।

१९. **अपाङ्गग परिचय पत्र सिफारिश शुल्कः** अपाङ्गता भएका व्यक्तिहरुबाट (क र ख वर्ग – रातो र निलो) कुनै पनि सिफारीश वापत शुल्क लिइने छैन।

२०. **प्रशासकीय पुनरावलोकन र पुनरावेदनः** (१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३) उपदफा (१) बमोजिम पुनरालोकनको लागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्बन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकीय पुनरावलोकन नगरेको कारणले करदातालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।

२१. **ठेक्का आह्वान गर्न सक्नेः** (१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्नसक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि अघिल्लो बर्षको दररेटमा नघट्ने गरी अघिल्लो बर्ष आय ठेक्का सम्झौता भएको फर्म/व्यक्तिलाई ठेक्का अवधिको म्याद थप गरी बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ ।

तर पटक पटक ठेक्का बन्दोवस्तको लागि सुचना आव्हान गर्दा ठेक्का बन्दोबस्त हुन नसकेमा नगरपालिकाको आन्तरिक आम्दानी बृद्धि हुने देखिएमा आमानतबाट पनि त्यस्ता कार्य गर्नको लागि बाधा पुग्ने छैन ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ ।

२२. **सहयोग गर्नुपर्नेः** संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजश्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

२३. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेः** नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

२४. **कार्यविधि बनाउन सक्नेः** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वनेको कार्यविधि वा निर्देशिका सम्बन्धित कार्यपालिकावाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

२५. **प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा उल्लेख गरिएका विषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका विषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

## अनुसूची–१

**सम्पत्ति कर**

नगर क्षेत्र भित्रका घर तथा संरचनाले चर्चेको जग्गाको सम्पत्ति कर लिईनेछ ।सम्पत्ति कर निर्धारण देहाय वमोजिम गरिनेछः

- पक्की घर तथा संरचनाको प्रति बर्ग फुट निर्माण लागत रु २००० मानिनेछ ।
- जग्गा मुल्याङ्कनको हकमा रजिष्ट्रेशन प्रयोजनका लागि मालपोत कार्यालयले नगर क्षेत्रमा निर्धारण गरेको मूल्यलाई नै आधार मानिनेछ।
- घर र जग्गाको मुल्य जोडी जम्मा करयोग्य सम्पत्तिको मुल्य निर्धारण गरिनेछ ।
- जम्मा सम्पत्तिको कर ०.०५ प्रतिशत निर्धारण गरी लिइनेछ ।
- संरचना ह्रास कट्टी प्रत्येक वर्ष २.५ प्रतिशतले घटाई सम्पत्ति कर लिइनेछ।
- कच्ची घर तथा संरचनाको प्रति बर्ष रु.२०० का दरले र ट्रस्ट तथा टिनको छाप्रोको प्रति बर्ष रु. ३५० का दरले सम्पत्ति कर लिइनेछ।

**उदाहरणको लागिः**

= घर १००० बर्गफुट (चार आना) * २०००

= २०,००,०००

त्यसैगरी जग्गाको प्रतिआना मालपोत मूल्याङ्कन

रु.५,००,००० का दरले ४ आनाको = २०,००,०००

जम्मा सम्पति ४०,००,०००*०.०५/१००

= ४००००*०.०५

= २००० रुपैंया

अनुसूचि— २

मालपोत कर (भूमि कर)

रामपुर नगरपालिका वडा नं. १ (साविक गाडाकोट गा.वि.स.वडा नं.१,२,५,६,७,८ र ९) अन्तर्गत

| क्र.सं. | क्षेत्र | मालपोत करको दर | कैफियत |
|---|---|---|---|
| क. | स्याउलीबजार, ठुलीबेसी र कालीगण्डकी करिडोर क्षेत्रसंग शाखा बाटोले जोडिएको २०० मिटर दाँया-बाँया | न्यूनतम एक रोपनी सम्मको रु.१५०। र सो भन्दा माथि प्रति रोपनी रु.५५। का दरले थप | |
| ख. | साविक गाडाकोट गा.वि.स.वडा नं. १, २, ५, ६, ७, ८ र ९ का अन्य डाँडा भेग क्षेत्र | न्यनतम ५ रोपनी सम्मको रु. १००/- र सो भन्दा माथि प्रति रोपनी रु.१५/- का दरले थप | |

रामपुर नगरपालिका वडा नं.२ (साविक गाडाकोट गा.वि.स.वडा नं.३ र ४) अन्तर्गत

| क्र.सं. | क्षेत्र | मालपोत करको दर | कैफियत |
|---|---|---|---|
| क. | भलायटार बजार क्षेत्र र कालीगण्डकी करिडोर क्षेत्रसंग शाखा बाटोले जोडिएको २०० मिटर दाँया-बाँया | न्यूनतम एक रोपनी सम्मको रु.१५०। र सो भन्दा माथि प्रति रोपनी रु.५५। का दरले थप | |
| ख. | खयरबोट र धनसारबारीको आसपास क्षेत्र | न्यूनतम एक रोपनी सम्मको रु.१२५। र सो भन्दा माथि प्रति रोपनी रु.२२। का दरले थप | |
| ग. | साविक गाडाकोट गा.वि.स.वडा नं. ३ र ४ का अन्य डाँडा भेग क्षेत्र | न्यनतम ५ रोपनी सम्मको रु. १००/- र सो भन्दा माथि प्रति रोपनी रु. १५/- का दरले थप | |

रामपुर नगरपालिका वडा नं.३ (साविक दर्छा गा.वि.स.वडा नं.१,२,४, ५ र ६) अन्तर्गत

| क्र.सं. | क्षेत्र | मालपोत करको दर | कैफियत |
|---|---|---|---|
| क. | रजघरा, गण्डकी ढिक, किर्तिपुर र कालीगण्डकी करिडोर क्षेत्रसंग शाखा बाटोले जोडिएको २०० मिटर दाँया-बाँया | न्यूनतम एक रोपनी सम्मको रु.१५०। र सो भन्दा माथि प्रति रोपनी रु.५५। का दरले थप | |

| | | | |
|---|---|---|---|
| ख. | बगाहा चनौली क्षेत्र | न्यनतम ५ रोपनी सम्मको रु.१००। र सो भन्दा माथि प्रति रोपनी रु.२२ का दरले थप | |
| ग. | साविक दर्छा गा.वि.स.वडा नं. १, २, ४, ५ र ६ का अन्य डाँडा भेग क्षेत्र | न्यनतम ५ रोपनी सम्मको रु.१००। र सो भन्दा माथि प्रति रोपनी रु.१५ का दरले थप | |

रामपुर नगरपालिका वडा नं.४ (साविक दर्छा गा.वि.स.वडा नं.३,७,८ र ९) अन्तर्गत

| क्र.सं. | **क्षेत्र** | **मालपोत करको दर** | **कैफियत** |
|---|---|---|---|
| क. | खोप्टार, सदार्वत, ठुलोटार, बांगेपसल देविस्थान र कालीगण्डकी क्षेत्रसंग शाखा बाटोले जोडिएको २०० मिटर दाँया-बाँया | न्यूनतम एक रोपनी सम्मको रु.२००। र सो भन्दा माथि प्रति रोपनी रु.५५। का दरले थप | |
| ख. | बडवान र काँसजरी क्षेत्र | न्यूनतम एक रोपनी सम्मको रु.११०। र सो भन्दा माथि प्रति रोपनी रु.३३ का दरले थप | |
| ग. | साविक दर्छा गा.वि.स.वडा नं.३, ७, ८ र ९ का अन्य डाँडा भेग क्षेत्र | न्यनतम ५ रोपनी सम्मको रु.१००। र सो भन्दा माथि प्रति रोपनी रु.१५ का दरले थप | |

रामपुर नगरपालिका वडा नं.५ (साविक रामपुर गा.वि.स.वडा नं.३ र ४) अन्तर्गत

| क्र.सं. | **क्षेत्र** | **मालपोत करको दर** | **कैफियत** |
|---|---|---|---|
| क. | बेझाँड बजार, मटेरी, बेझाँड खेत, सानीअमराई, कठान, र कालीगण्डकी क्षेत्रसंग शाखा बाटोले जोडिएको २०० मिटर दाँया-बाँया | न्यूनतम एक रोपनी सम्मको रु.३५०। र सो भन्दा माथि प्रति रोपनी रु.१००। का दरले थप | |
| ख. | कोईलीटारी, गौडान, बाँझबारी र राम्चे | न्यूनतम एक रोपनी सम्मको रु. २२०। र सो भन्दा माथि प्रति रोपनी रु. ७५। का दरले थप | |

| | | | |
|---|---|---|---|
| ग. | साविक रामपुर गा.वि.स.वडा नं.३ र ४ का राम्चे बन भन्दा दक्षिणका अन्य डाँडा भेग क्षेत्र | न्यनतम ५ रोपनी सम्मको रु.१००। र सो भन्दा माथि प्रति रोपनी रु.१५ का दरले थप | |
| रामपुर नगरपालिका वडा नं.६ (साविक रामपुर गा.वि.स.वडा नं.१,६,७ र ८) अन्तर्गत | | | |
| **क.सं.** | **क्षेत्र** | मालपोत करको दर | **कैफियत** |
| क. | साविक रामपुर गा.वि.स. वडा नं.१, ६, ७ र ८ | न्यूनतम एक रोपनी सम्मको रु. २००। र सो भन्दा माथि प्रति रोपनी रु. ५५। का दरले थप | |
| रामपुर नगरपालिका वडा नं. ७ (साविक रामपुर गा.वि.स.वडा नं. २, ५ र ९) अन्तर्गत | | | |
| **क.सं.** | **क्षेत्र** | **मालपोत करको दर** | **कैफियत** |
| क. | साविक रामपुर गा.वि.स.वडा नं. ५ का सबै क्षेत्र, साविक रामपुर गा.वि.स. वडा नं.२ को मल्याङ्ग खेत क्षेत्र र साविक रामपुर गा.वि.स. वडा नं. ९ का फेदिया गचौंदी क्षेत्र | न्यूनतम एक रोपनी सम्मको रु. १६५।र सो भन्दा माथि प्रति रोपनी रु. ५५। का दरले थप | |
| ख. | साविक रामपुर गा.वि.स.वडा नं. २ र ९ अन्य डाँडा भेग क्षेत्र | न्यनतम ५ रोपनी सम्मको रु. १००/- र सो भन्दा माथि प्रति रोपनी रु. १५/- का दरले थप | |
| रामपुर नगरपालिका वडा नं. ८ (साविक खालिवन गा.वि.स.वडा नं.१, २, ३, ४ र साविक गेझा गा.वि.स.वडा नं. १) अन्तर्गत | | | |
| **क.सं.** | **क्षेत्र** | **मालपोत करको दर** | **कैफियत** |
| क. | साविक खालिवन गा.वि.स.वडा नं.१, २, ३, ४ र साविक गेझा गा.वि.स.वडा नं. १ अन्तर्गतका क्षेत्र साथै कालीगण्डकी करिडोर क्षेत्रसंग शाखा बाटोले जोडोको २०० मिटर दाँया-बाँया | न्यूनतम एक रोपनी सम्मको रु. २००। र सो भन्दा माथि प्रति रोपनी रु. ५५। का दरले थप | |

| | | | |
|---|---|---|---|
| ख. | साविक खालिवन गा.वि.स. वडा नं. २ र ६ का अन्य डाँडा भेग क्षेत्र | न्यनतम ५ रोपनी सम्मको रु.१००। र सो भन्दा माथि प्रति रोपनी रु.१५ का दरले थप | |
| रामपुर नगरपालिका वडा नं.९ (साविक खालिवन गा.वि.स.वडा नं. ५, ७, ८ र ९) अन्तर्गत | | | |
| क्र.सं. | **क्षेत्र** | **मालपोत करको दर** | **कैफियत** |
| क. | साविक खालिवन गा.वि.स.वडा नं. ५,७,८ र ९ का जब्गादी, अर्वासिं र रामपुर आर्यभञ्याङ्ग(आलोक) मार्ग संग जोडिएका क्षेत्र | न्यूनतम एक रोपनी सम्मको रु.११०। र सो भन्दा माथि प्रति रोपनी रु.५५। का दरले थप | |
| ख. | साविक खालिवन गा.वि.स.वडा नं. ५, ७, ८ र ९का अन्य बाँकी क्षेत्र | न्यनतम ५ रोपनी सम्मको रु.१००। र सो भन्दा माथि प्रति रोपनी रु.१५ का दरले थप | |
| रामपुर नगरपालिका वडा नं. १० (साविक गेझा गा.वि.स.वडा नं. १, २, ३, ४, ५, ७, ८ र ९) अन्तर्गत | | | |
| क्र.सं. | **क्षेत्र** | **मालपोत करको दर** | **कैफियत** |
| क. | साविक गेझा गा.वि.स.वडा नं. १, ३, ६, ७, ८ र ९ का तल्लोथर, माथिल्लोथर, लगायतका समथर क्षेत्र | न्यूनतम एक रोपनी सम्मको रु. १५०। र सो भन्दा माथि प्रति रोपनी रु. ५०। का दरले थप | |
| ख. | साविक गेझा गा.वि.स.का बर्दले, हेक्लाङ्ग, रामटार लगायतका समथर क्षेत्र कालीगण्डकी करिडोर क्षेत्रसंग शाखा बाटोले जोडिएको २०० मिटर दाँया-बाँया | न्यूनतम एक रोपनी सम्मको रु. २००। र सो भन्दा माथि प्रति रोपनी रु.५५। का दरले थप | |
| ग. | साविक गेझा गा.वि.स.वडा नं. २, ४ र ५ का अन्य डाँडा भेग क्षेत्र | न्यनतम ५ रोपनी सम्मको रु. १००। र सो भन्दा माथि प्रति रोपनी रु.१५ का दरले थप | |

नोटः- मालपोत कर तिर्न बक्यौता रहेको हकमा सुरुको वर्ष जरिवाना स्वरुप पहिलो वर्ष २०% र हरेक प्रति वर्ष थप ५% का दरले जरिवाना समेत जोडी मालपोत कर लिइनेछ ।

# अनुसूची-३

# घर जग्गा बहाल कर

| घर जग्गा बहाल करको दर |
|---|
| नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तबरले बहालमा दिएकोमा भाडा सम्झौता बमोजिम सम्झौता बमोजिमको बार्षिक **बहाल रकममा ५ प्रतिशतका** दरले बहाल कर लिइने छ। विद्यार्थी, महोत्सव, भेला लगायतका परिस्थितिमा बाहेक बैदेशीक, बैंक तथा वित्तिय संस्थाको हकमा कम्तिमा ६ महिनाको लागी घर बहाल कर तिर्नुपर्नेछ ।<br>वडागत रुपमा क्षेत्रगत रुपमा तपशिल बमोजिम घर जग्गा बहाल कर लिइनेछ । |

| रामपुर नगरपालिका वडा नं. १ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं. | क्षेत्रको विवरण | न्यूनतम घर बहाल रकम | | | | | | कै. |
| | | ठूलो सटर | सानो सटर / माथिल्लो तलाको सटर | पक्की घरको कोठा | कच्ची घरको कोठा | माथिल्लो तलाका कोठा | | |
| | | | | | | पक्की | कच्ची | |
| १ | करिडोर क्षेत्र | ५०० | २०० | ५०० | २०० | ३०० | २०० | |
| २ | पन्थे क्षेत्र | ४०० | २०० | ३०० | १०० | २०० | १०० | |

| रामपुर नगरपालिका वडा नं. २ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | क्षेत्रको विवरण | न्यूनतम घर बहाल रकम | | | | | कै |
| | | ठूलो सटर | सानो सटर / माथिल्लो तलाको सटर | पक्की घरको कोठा | कच्ची घरको कोठा | माथिल्लो तलाका कोठा | |
| १ | भलायटार क्षेत्र | १००० | ५०० | ५०० | २०० | २०० | |
| २ | खयरबोट क्षेत्र | १००० | ५०० | ५०० | २०० | २०० | |

| रामपुर नगरपालिका वडा नं. ३ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | क्षेत्रको विवरण | न्यूनतम घर बहाल रकम | | | | | कै |
| | | ठूलो सटर | सानो सटर / माथिल्लो तलाको सटर | पक्की घरको कोठा | कच्ची घरको कोठा | माथिल्लो तलाका कोठा | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | कृतिपुर | २००० | १००० | १००० | ५०० | ५०० | |
| २ | रजघरा | २००० | १००० | १००० | ५०० | ५०० | |
| ३ | गण्डकीढिक | २००० | १००० | १००० | ५०० | ५०० | |

| रामपुर नगरपालिका वडा नं. ४ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | क्षेत्रको विवरण | न्यूनतम घर बहाल रकम | | | | | कै |
| | | ठूलो सटर | सानो सटर / माथिल्लो तलाको सटर | पक्की घरको कोठा | कच्ची घरको कोठा | माथिल्लो तलाका कोठा | |
| १ | संगम समाज टोल क्षेत्र | २००० | १००० | १००० | ५०० | १००० | |
| २ | इस्लामपुर टोल क्षेत्र | २००० | १००० | १००० | ५०० | १००० | |
| ३ | बाङ्गेपसल भिमसेन टोल क्षेत्र | २००० | १००० | १००० | ५०० | १००० | |
| ४ | देविस्थान टोल क्षेत्र | २००० | १००० | १००० | ५०० | १००० | |
| ५ | गोदाम चौपारी टोल क्षेत्र | २००० | १००० | १००० | ५०० | १००० | |
| ६ | जनहित वौध विहार टोल क्षेत्र | २००० | १००० | १००० | ५०० | १००० | |
| ७ | व्यास वसपार्क टोल क्षेत्र | २००० | १००० | १००० | ५०० | १००० | |

| रामपुर नगरपालिका वडा नं. ५ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | क्षेत्रको विवरण | न्यूनतम घर बहाल रकम | | | | | कै |
| | | ठूलो सटर | सानो सटर / माथिल्लो तलाको सटर | पक्की घरको कोठा | कच्ची घरको कोठा | माथिल्लो तलाका कोठा | |
| १ | बेझाड बजार भुलादी चोकदेखी पूर्व नहर पुल चोक सम्म | १०००० | ५००० | १००० | ५०० | १००० | |
| २ | बेझाड बजार देखि दक्षिणमा कृषि विकास | १०००० | ५००० | १००० | ५०० | १००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बैंकको पुरानो भवन सम्म | | | | | | |
| ३ | नहरपुलचोक देखी बाङ्गेपसल सम्म | ५००० | ३००० | १००० | ५०० | १००० | |
| ४ | प्रहरी विट देखि भित्रि मो.बा.का घरहरु | ५००० | ३००० | १००० | ५०० | १००० | |
| ५ | कृषि विकास भवन देखि दक्षिण नहरसम्म मालपोत लाईन समेत | ५००० | ३००० | १००० | ५०० | १००० | |
| ६ | भुलादी कल्भर्ट देखि पश्चिम रामपुर सहकारी भवन सम्म | ५००० | ३००० | १००० | ५०० | १००० | |
| ७ | नहरपुलदेखि दक्षिण तर्फ श्रीनगर होटेल सम्म | ३००० | २००० | १००० | ५०० | १००० | |
| ८ | बसपार्क क्षेत्र | ३००० | २००० | १००० | ५०० | १००० | |
| ९ | रामपुर न.पा. ५ भित्र अन्य बाँकी सम्पूर्ण मो.बा. दायाँबायाँ क्षेत्रहरु | २००० | १००० | १००० | ५०० | १००० | |

| रामपुर नगरपालिका वडा नं. ६ | | | | | | |
|---|---|---|---|---|---|---|
| | | न्यूनतम घर बहाल रकम | | | | कै |
| क.सं. | क्षेत्रको विवरण | ठूलो सटर | सानो सटर / माथिल्लो तलाको सटर | पक्की घरको कोठा | कच्ची घरको कोठा | माथिल्लो तलाका कोठा | |
| १ | कालीआँप देखि बुद्धपार्क सम्म | ५००० | २००० | २००० | १००० | १००० | |
| २ | बिजयपुर बजार | ५००० | २००० | २००० | १००० | १००० | |
| ३ | तालपोखरा देखी डल्लेचौपारी सम्म | २००० | १००० | १००० | ५०० | ५०० | |

| रामपुर नगरपालिका वडा नं. ७ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | न्यूनतम घर बहाल रकम | | | | | |

| क्र.सं. | क्षेत्रको विवरण | ठूलो सटर | सानो सटर / माथिल्लो तलाको सटर | पक्की घरको कोठा | कच्ची घरको कोठा | माथिल्लो तलाका कोठा | कै |
|---|---|---|---|---|---|---|---|
| १ | किसानबारी बजार क्षेत्र | ३५०० | १५०० | २५०० | ८०० | १००० | |
| २ | अन्य ठाँउहरु | २५०० | १००० | १००० | ८०० | १००० | |

रामपुर नगरपालिका वडा नं. ८

| क्र.सं. | क्षेत्रको विवरण | न्यूनतम घर बहाल रकम | | | | | कै |
|---|---|---|---|---|---|---|---|
| | | ठूलो सटर | सानो सटर / माथिल्लो तलाको सटर | पक्की घरको कोठा | कच्ची घरको कोठा | माथिल्लो तलाका कोठा | |
| १ | एक्लेटार बजार | २००० | १००० | १००० | ५०० | ५०० | |
| २ | रातामाटा बजार | २००० | १००० | १००० | ५०० | ५०० | |
| ३ | बराटार बजार | १००० | ८०० | ८०० | ५०० | ५०० | |
| ४ | आँपचौर बजार | १५०० | १००० | ८०० | ५०० | ५०० | |
| ५ | भुजात निसर्दी बजार | १५०० | ८०० | ८०० | ५०० | ५०० | |
| ६ | अन्य ठाँउ | १००० | ७०० | ६०० | ५०० | ५०० | |

रामपुर नगरपालिका वडा नं. ९

| क्र.सं. | क्षेत्रको विवरण | न्यूनतम घर बहाल रकम | | | | | कै |
|---|---|---|---|---|---|---|---|
| | | ठूलो सटर | सानो सटर / माथिल्लो तलाको सटर | पक्की घरको कोठा | कच्ची घरको कोठा | माथिल्लो तलाका कोठा | |
| १ | वरभञ्याङ्ग देखी प्रहरी चौकी सम्म | २००० | १२०० | १५०० | ८०० | १००० | |
| २ | प्रहरी चौकी देखी ठाँटी भञ्याङ्ग | २५०० | १५०० | १५०० | ५०० | १५०० | |
| ३ | अर्मसीङ बजार क्षेत्र | २५०० | १५०० | १५०० | ८०० | १००० | |
| ४ | स्याफट देउराली बजार | २००० | १२०० | १००० | ५०० | १००० | |

| रामपुर नगरपालिका वडा नं. १० | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | क्षेत्रको विवरण | न्यूनतम घर बहाल रकम | | | | | कै |
| | | ठूलो सटर | सानो सटर / माथिल्लो तलाको सटर | पक्की घरको कोठा | कच्ची घरको कोठा | माथिल्लो तलाका कोठा | |
| १ | बर्दले बजार | ३००० | २००० | १००० | ६०० | ९०० | |
| २ | रामटार बजार | २५०० | १५०० | ८०० | ५०० | ८०० | |
| ३ | अन्य भित्री क्षेत्र | १५०० | १००० | ६०० | ५०० | ६०० | |

**अनुसूची ४**
**(ऐनको दफा ५ को उपदफा(३) संग सम्बन्धित)**

# व्यवसाय इजाजत दर्ता दस्तुरको दर

| क्र.स. | व्यबसायको किसिम | दस्तुर रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | व्यवसाय दर्ता शुल्क | | |
| क) | रु. ५ लाख सम्मको चालू पँजी भएको | १२५० | |
| ख) | रु. ५ लाख १ रुपैया देखि १०लाखसम्म चालू पँजी भएको | १५०० | |
| ग) | रु. १० लाख १ रुपैया देखि २० लाखसम्म चालू पँजी भएको | २००० | |
| घ) | रु. २० लाख १ रुपैया देखि ५० लाखसम्मको चालू पँजी भएको | २५०० | |

| | | | |
|---|---|---|---|
| ङ) | रु. ५० लाख १ रुपैया देखि १ करोड सम्मको चालू पँजी भएको | ३००० | |
| च) | रु. १करोड १ रुपैया देखि माथी चालू पँजी भएको | ४००० | |

## अनुसूची-५
## (ऐनको दफा ५ को उपदफा (५) सँग सम्बन्धित)
## व्यवसाय कर

नगरपालिकाबाट आ.व. २०८२/०८३ असार मसान्त सम्म मान्य हुने गरी व्यवसाय कर लिई दर्ता गरिनेछ । यस आ.व. भन्दा अगाडी दर्ता गरिएका व्यवसायको बार्षिक व्यवसाय कर लिइनेछ ।

| क्र.स. | सेवाको विवरण | करका दर | कैफियत |
|---|---|---|---|
| १ | व्यापारिक बस्तु | | |
| १.१ | कपडा पसल/जुत्ता पसल | | |
| क. | सिरक डसना, खोल, साना पसल आदि | २००० | |

| | | | |
|---|---|---|---|
| ख. | सिरक डसना, खोल, कार्पेट ठुला पसल आदि | ३५०० | |
| ग. | छालाको जुत्ता पसल(स्वदेशी) | १५०० | |
| घ | जुत्ता सोरुम स्वदेशी तथा विदेशी | २००० | |
| ङ | जुत्ता सिलाउने पसल | १००० | |
| **१.२** | **किराना पसल र प्रोभिजन पसल** | | |
| क. | साना किराना पसल/टंकी व्यवसाय | ७०० | |
| ख. | किराना पसल ग्रामीण | ७५० | |
| ग. | किराना पसल सुगम | १२५० | |
| घ | थोक खुद्रा किराना पसल | १५०० | |
| ङ | प्रोभिजन पसल (पिय पदार्थ पसल) | २००० | |
| छ | दैनिक सबै उपभोग्य वस्तुको थोक बिक्री(ग्यास,किराना आदी) | २५०० | |
| ज | चटपटे पसल | २००० | |
| झ | चटपटे पसल (ठेला, साईकल) | १००० | |
| **१.३** | **फेन्सी पसल** | | |
| क | साधारण(काचो कपडा) | १५०० | |
| ख. | विदेशी सामान सहित | २००० | |
| ग. | कुर्ता सलवार बिक्री समेत | २००० | |
| घ | जुत्ता चप्पल, झोला कस्मेटिक्स सहित | २५०० | |
| ङ | फेन्सी झोला समेत | २५०० | |
| च | कस्मेटिक्स पसल मत्र | १५०० | |
| **१.४** | **हजाम तथा व्यूटीपार्लर** | | |
| क | २ सिट सम्म हजाम | ९०० | |
| ख. | ४ सिट सम्म हजाम | १४०० | |
| ग. | ४ सिट भन्दा माथि हजाम | २००० | |
| घ | व्यूटी पार्लर मात्र | १६०० | |

| | | | |
|---|---|---|---|
| ङ. | व्यूटीपार्लर समेत अन्य सृङ्गार सामान र यन्त्र तथा अन्य सामान बिक्री साथै तालिम समेत | ३००० | |
| **१.५** | **गहना पसल** | | |
| क. | २० लाख भन्दा कम | ४५०० | |
| ख. | २० लाख भन्दा माथि | ६५०० | |
| **१.६** | **भाडा पसल** | | |
| क | २० लाख भन्दा कम | २५०० | |
| ख. | २० लाख भन्दा माथि | ३५०० | |
| ग. | प्लाष्टिक भाडा पसल | २००० | |
| **१.७** | **सिलाइ /टेलरिङ्ग पसल** | | |
| क | २ कल सम्म ग्रामीण वडा | ७०० | |
| ख | २ कल सम्म सुगम वडा | ७५० | |
| ग | ३ देखि ५ कल सम्म | १००० | |
| घ | ५ कल देखि माथि | १२५० | |
| ङ | सिलाइ तथा कपडा बिक्री २ कलसम्म | २००० | |
| छ | सिलाइ तथा कपडा बिक्री ३ कल देखि माथि | २५०० | |
| ज | धागो, टांक, सिलाई सामाग्री पसल | १००० | |
| **१.८** | **इलेक्ट्रोनिक सामान बिक्री** | | |
| क. | इलेक्ट्रोनिक सामान थोक बिक्री/डिलर | ४००० | |
| ख. | इलेक्ट्रोनिक सामान खुद्रा बिक्री | २५०० | |
| ग. | मोबाइल मर्मत | १५०० | |
| घ. | मोबाइल बिक्री | २५०० | |
| ङ. | मोबाइल, घडी पसल | ३००० | |
| च. | मोबाइल, घडी र चस्मा पसल | ४००० | |
| छ. | मोबाइल बिक्री तथा मर्मत | ३५०० | |
| ज. | घडी बिक्री तथा मर्मत | १००० | |

| | | | |
|---|---|---|---|
| झ. | कम्प्यूटर तथा कम्प्यूटर सामान बिक्री तथा मर्मत र सिकाइ केन्द्र | ५००० | |
| ञ. | कम्प्यूटर सफ्टवेयर तयार गर्ने कम्पनी | ७५०० | |
| ट. | कम्प्युटर, मोबाइल, ल्यापटप विक्रि तथा मर्मत | ५००० | |
| **१.९** | **विघूत सामान बिक्री पसल/ईलेक्ट्रिकल पसल** | | |
| क. | थोक बिक्री गर्ने | १८०० | |
| ख. | खुद्रा बिक्री गर्ने | १५०० | |
| ग. | थोक खुद्रा बिक्री गर्ने | २००० | |
| **१.१०** | **फलफुल तरकारीमा** | | |
| क | थोक/आपुर्तिकर्ता | १५०० | |
| ख. | दर्ता नभएकाको हकमा प्रति पटक (तरकारी/फलफुल/अण्डा) | २०० | |
| ग. | खुद्रा बिक्री | १००० | |
| घ | खुद्रा बिक्री किराना समेत | १५०० | |
| ङ | फलफुल तथा जुस पसल | १००० | |
| **१.११** | **फोटो ग्राफर/फोटो व्यवसाय** | | |
| क | फोटो खिच्नेमात्र (स्टूडियो) | १२५० | |
| ख | फोटो खिच्ने र अन्य गिप्टका सामान बिक्री | २००० | |
| ग. | फोटो फ्रेम, सिसा, पोष्टर, पोष्टकार्ड आदि | २२५० | |
| घ | भिडियो तथा फोटो खिच्ने | २५०० | |
| ङ | भिडियो तथा फोटो र फोटो फ्रेम, सिसा, पोष्टर, पोष्टकार्ड आदि | ३००० | |
| च. | कलर ल्याब | २५०० | |
| **१.१२** | **पुस्तक पसल तथा स्टेशनरी** | | |
| क | किताव कपी/पत्रपत्रिका बिक्री | १५०० | |
| ख | स्टशनरी तथा खेलकुद सामान | २५०० | |
| ग | खेलकुद सामाग्री/जीम तथा अन्य (Sport Shop) | २७०० | |
| **१.१३** | **माछा मासु पसल** | | |
| क | खसीको मासु मात्र बिक्री | १५०० | |

| | | | |
|---|---|---|---|
| ख | कुखुराको मासु मात्र बिक्री | १५०० | |
| ग | बंगुरको मासु मात्र बिक्री | १५०० | |
| घ | रागा/भैसीको मासु मात्र बिक्री | १५०० | |
| ङ | माछा मात्र | १५०० | |
| च | सबै माछा मासु बिक्री गर्ने | २२०० | |
| **१.१४** | **फर्निचर सोरुम** | | |
| क | सोरुम(स्टील/फर्नीचर/आलमोनियम) | २५०० | |
| ख | आल्मूनियम फर्निचर विक्रेता | २००० | |
| ग. | प्लाष्टिक फर्निचर, कार्पेट, अन्य सजावट सामान विक्रेता | २६०० | |
| **१.१५** | **काष्ठ व्यवसाय** | | |
| क | स मिल काठ चिर्ने | ५००० | |
| ख | काठ चिरान गरी खरिद बिक्री | २००० | |
| ग | काठ चिरान गरी खरिद बिक्रीका साथै फर्निचर उत्पादन | ४००० | |
| **१.१६** | **मोटर पार्टर्स** | | |
| क | थोक बिक्री गर्ने | ३००० | |
| ख | खुद्रा बिक्री गर्ने | २५०० | |
| ग | कृषि यान्त्रिक उपकरण | २५०० | |
| घ | कृषि उपकरण सामान्य मर्मत | १००० | |
| **१.१७** | **सवारी साधन बिक्री** | | |
| क. | लाइट गाडी सो रुम तथा बिक्री | ७५०० | |
| ख. | हेभि गाडी सो रुम तथा बिक्री | १०००० | |
| ग. | मोटरसाइकल स्कुटी सो रुम | ६००० | |
| घ. | मोटरसाइकल सो रुम तथा वर्कसप | ६५०० | |
| | मोटरसाइकल वर्कशप | ३००० | |
| ङ. | रिकन्डीसन मोटर साइकल सो रुम | ३००० | |
| च. | लाईट गाडी मर्मत | ५००० | |

| | | | |
|---|---|---|---|
| छ. | गाडी चार्जिङ्ग स्टेसन | | |
| | २ वटा | २००० | |
| | ३ देखि माथि | ३५०० | |
| ज. | विद्युतीय सवारी साधन बिक्री सोरुम | ७००० | |
| झ. | साइकल बिक्री | २००० | |
| ञ. | साइकल भाडामा खेलाउने | १००० | |
| ट. | गाडी धुलाई | २५०० | |
| ठ. | गाडीको पट्टा मात्र मर्मत | ५००० | |
| **१.१८** | **हार्डवेयर सामान पसल** | | |
| क. | हार्डवेयर खूद्रा बिक्री गर्ने | ३००० | |
| ख. | हार्डवेयर थोक बिक्री गर्ने | ४५०० | |
| ग. | हार्डवेयर लगायत उल्लेखित सबै सामान कलर सहित प्लम्बीङ सामान समेत(हार्डवेयर सप्लायर्स पसल) | ६००० | |
| घ | कलर मात्र | २५०० | |
| ङ. | मार्वल, चिप्स, टायल आदि | ३००० | |
| च. | सिसा तथा प्लाइउड सामान | ३५०० | |
| छ | गिट्टी, वालुवा, ढुङ्गा, इट्टा सप्लायर्स मुख्य बजार क्षेत्र भित्र | १२५०० | |
| ज. | गिट्टी, वालुवा, ढुङ्गा, इट्टा सप्लायर्स मुख्य बजार क्षेत्र भन्दा बाहीर | ६५०० | |
| झ | सामग्री वसारपसार(Traders & Suppliers) | २५०० | |
| **१.१९** | **श्रृङ्गार तथा उपहार सामान** | | |
| क | थोक बिक्री | २००० | |
| ख | खुद्रा बिक्री | १००० | |
| ग | खेलौना उपहार गिफ्ट पसल | १५०० | |
| **१.२०** | **मदिरा तथा पेय पद्धार्थ पसल** | | |
| क. | खूद्रा बिक्री पसल मदिरा | ५००० | |
| ख. | मदिरा थोक पसल | ७५०० | |

| | | | |
|---|---|---|---|
| ग. | मदिरा थोक/खुद्रा/पेय पसल | १०००० | |
| घ | पेय पदार्थ (मदिरा बाहेक) | १५०० | |
| **१.२१** | **आयल निगम/पेट्रोल पम्प** | | |
| क. | २ वटा पम्प सम्म | १०००० | |
| | ३ भन्दा बढी पम्प | १५००० | |
| ख. | मट्टितेल डिपो | १५०० | |
| **१.२२** | **साउण्ड सिस्टम भाडा तथा बिक्री साथै टेण्ट हाउस** | २५०० | |
| **१.२३** | **सौर्य उर्जा तथा सोलार** | ३५०० | |
| **१.२४** | **उनि धागो विक्रेता** | १२०० | |
| **१.२५** | **बायो उर्जा** | १५०० | |
| **१.२६** | **पुजा सामाग्री पसल** | २००० | |
| **१.२७** | **ज्योतिष शास्त्र** | २५०० | |
| **१.२८** | **चस्मा बिक्री तथा मर्मत** | २५०० | |
| **१.२९** | **पशु आहारा** | | |
| क | पशु औषधि (भेट) | २००० | |
| ख | कृषि विषादी तथा उपकरण | २५०० | |
| ग | तरकारी, फलफुल तथा बाली वीउविजन | २००० | |
| घ | एग्रोभट (औषधि, विषादी, वीउजिन, कृषि सामाग्री समेत) | ४००० | |
| ङ | नर्सरी | १५०० | |
| **१.३०** | **पर्यटन सामान बिक्री(ह्याण्डीक्राफ्ट)** | **२०००** | |
| **१.३१** | **फायर सेफ्टी सर्भिस** | **१५००** | |
| २ | **मर्मत संभार सेवा** | | |
| क | हावा भर्ने पन्चर टाल्ने | १००० | |
| ख | हेभि मोटर गाडी वोडी मर्मत | ४००० | |
| ग | हलुका मोटर गाडी वोडी मर्मत | ३००० | |
| घ | लुगा सिलाउने मेशिन मर्मत | ७०० | |

| | | | |
|---|---|---|---|
| ङ | स्टोभ, छाता, पे्रसर कुकर, ग्यास चुल्हो मर्मत | १००० | |
| च | रेफ्रिजेरेटर, हिटर, पंखा टान्सफर्मर तथा अन्य इलेक्ट्रोनिक सामानहरु मर्मत | १५०० | |
| छ | सवारी साधन कन्ट्रयाक्टर सेवा | १००० | |
| ज | स्टिकर हाउस | २००० | |
| **३** | **विषेशज्ञ परामर्श तथा अन्य व्यवसायीक सेवा** | | |
| **क** | **इन्जिनियरिङ कन्सल्टेन्सीमा** | | |
| | १. इन्जिनियर | ३५०० | |
| | २. प्रोपाईटर सिप फर्म | ३५०० | |
| | ३. साझेदारी सिप फर्म | ३००० | |
| **ख** | **कानुनी सेवा व्यवसायमा** | | |
| | १. लेखापढी व्यवसाय | १५०० | |
| | २. अभिबक्ता कानुन व्यवसाय | २५०० | |
| | ३. अधिबक्ता कानुन व्यवसाय | ३००० | |
| **ग.** | **लेखा परीक्षक** | | |
| | क. श्रेणीको अडिटरमा | ६००० | |
| | ख. श्रेणीको अडिटरमा | ४००० | |
| | ग र घ श्रेणीको अडिटर | ३००० | |
| **घ** | **विमा एजेन्ट** | २००० | |
| **ङ** | **सर्भेयर** | ३००० | |
| **च** | **अनुवादक (नोटरी पब्लिक)** | १५०० | |
| **छ** | **सबै प्रकारको कन्सलटेन्सी** | ६००० | |
| **ज** | **वेभ साइट र प्रोग्रामर डिजाइनर** | ३००० | |
| **झ** | **सामान ढुवानी ट्रान्सपोर्ट व्यवसाय** | ३००० | |
